**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९/८० सालको निर्णय नं.३०३**

**पुनरावेदन नं.०७८-RB-००६२**

**मुद्दाः आयकर (२०७२।०७३)**

सविक गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लि. (स्थायी लेखा नं.३०१५९०९८५) हाल मर्जर भई कायम भएको का. जि. का.म.न.पा वडा नं. ३० चारखाल रोड स्थित श्री गोर्खाज फाइनान्स लि. (स्थायी लेखा नं. ५०००६००६१) का अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत श्री लालबहादुर थिङ.....................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर...........................................१ } प्रत्यर्थी
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं..........................................१

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री बाबुराम गौतम
शुरु निर्णय मितिः- २०७७।०९।२०

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं
निर्णय गर्ने अधिकारीः- महानिर्देशक श्री झक्कप्रसाद आचार्य
निर्णय मितिः- २०७८।०३।२२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान बरिष्ठ अधिबक्ता श्री शरद प्रसाद कोइराला
प्रत्यर्थी कार्यालयका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीर× :**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७७।०९।२० मा भएको संशोधित कर निर्धारणको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।०३।२२ मा भएको निर्णयमा समेत चित्त नबुझाई सो उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथ आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम करदाताको तर्फबाट परेको प्रस्तुत पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यसप्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. पुनरावेदक करदाता साविक श्री गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लि. हाल श्री गोर्खाज फाइनान्स लि. (स्थायी लेखा नं. ५०००६००६१) को आ.व. २०७२/०७३ को आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.१५,२६,६४,५६२।२१ कायम गरी ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०७३/०३/२८ मा आय विवरण पेश गरेको ।

२. करदाताको आ.व. २०७२/०७३ को आय विवरण र सोसँग सम्बन्धित कागजात तथा विवरणको अध्ययन, छानवीन गरी कर परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कर कट्टी गर्न नपाउने खर्चहरु दावी भएको, आयमा समावेश गर्नुपर्ने आय समावेश भएको नदेखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय रु.१५,३०,०६,९३९।७७ कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७७।०९।०९ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७७।०९।०९ मा जारी भएको सूचना करदाताले मिति २०७७।०९।१० मा नै बुझी लिई सोको लिखित जवाफ मिति २०७७।०९।१३ मा पेश गरेको ।

४. करदाता श्री गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लि. को आ.व. २०७२/०७३ का लागि रु.१५,३०,०६,९३९।७७ करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७७।०९।२० मा जारी भएको संशोधित कर निर्धारण आदेशको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७७।०९।२० मा जारी गरेको आ.व. २०७२/०७३ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी

करदाताले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७७।११।२० मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. निवेदकले पेश गरेका विगत आय बर्षहरुको आय विवरणहरुको कार्यालयबाट भएको कर निर्धारणका विरुद्ध करदाताले पेश गरेको प्रशासकीय पुनरावलोकनको निवेदनहरुका सम्बन्धमा यस विभागबाट गरिएको निर्णय उपर यस करदाता राजस्व न्यायाधिकरण, काठमाण्डौमा पुनरावेदन गएको र पुनरावेदनमा विचाराधीन रहेको अबस्थामा निवेदकले गत आर्थिक बर्षबाट जिम्मेवारी सरेको नोक्सानी भनी यस आय बर्षमा दावी गरेको रकम रु.३,४२,३७७।५६ लाई नोक्सानी कट्टी पाउँ भनी विभिन्न बुँदाहरुमा व्यहोरा उल्लेख गरी लिएको निवेदन जिकिर नपुग्ने नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।०३।२२ मा भएको निर्णय।

७. आयकर ऐन, २०५८ को दफा २० बमोजिम करदाताले सम्बन्धित आर्थिक वर्षमा अन्य कुनै व्यवसायबाट व्यहोर्नु परेको कट्टी हुन नपाएको नोक्सानी र कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत सात आयबर्षको कट्टी हुन नपाएको नोक्सानी कट्टी गर्न पाउने भएकोले उक्त नोक्सानी कट्टी नपाउने गरी ठूला करदाता कार्यालय ललितपुरबाट भएको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत त्रुट्टीपुर्ण हुदा उल्टी गरी पाउँ भनी करदाताको यस न्यायाधिकरणमा मिति २०७८।०५।११ मा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा साथै पेश भएको लगाउका ०७६-RB-०११७, ०७६-RB-०११७ र ०७७-RB-०२१६ का मुद्दामा सुनवाईको लागि विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सुचना दिने आदेश भईसकेको हुँदा प्रस्तुत मुद्दामा समेत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु र यसमा पुनरावेदक करदाताले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) तथा आयकर ऐन,२०५८ को दफा ११६ बमोजिम पुनरावेदन गर्दा बुझाउनुपर्ने विवादरहित कर रकम रु.४,५७,९९,३६८।६६ र विवादित कर रकम रु५५,४१,५९५।०६ को पचास प्रतिशतले हुने रकम रु.२७,७०,७९७।५३ समेत गरी रु.४,८५,७०,१६६।२९ दाखिल गर्नुपर्नेमा आय विवरण साथ रु.४,१०,०५,१४९।६१ र धरौटी वापत रु.५१,६७,९०८।- गरी जम्मा रु.४,६१,७३,०५७।- मात्र दाखिल रहेको मिसिलबाट देखिंदा नपुग रु.२३,९७,१०८।५८ (तेइस लाख सन्तानब्बे हजार एकसय आठ रुपैया अन्ठाउन्न

पैसा मात्र) यो आदेश भएको १५ दिनभित्र दाखिल गरी भौचर पेश गराउनु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०३/०३ मा भएको आदेश।

९. यसमा निवेदकले निवेदन साथ पेश गरेका भौचर लगायतका प्रमाणबाट राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९(१) बमोजिम धरौटी रकम राखेको पुष्टी भएकोले निवेदन माग मनासिव देखियो। प्रस्तुत निवेदन दायरीको लगतकट्टा गरी निवेदन सहितको प्रमाण कागज सम्बन्धित मिसिलमा राखी सुनवाईको लागि नियमानूसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०३/२४ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

१०. नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री गोर्खाज फाइनान्स लिमिटेड तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री शरद प्रसाद कोइरालाले करदाताले कुनै व्यवसायबाट व्यहोर्नु परेको कट्टी हुन नपाएको नोक्सानी सम्बन्धित आर्थिक वर्षमा र कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत सात आयबर्षको कट्टी हुन नपाएको नोक्सानी आयकर ऐन, २०५८ को दफा २० बमोजिम कट्टी गर्न पाउनेमा सो कट्टी गर्न नपाउने गरी ठूला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागले गरेको निर्णय समेत मिलेको नहुँदा बदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

११. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागले गरेको निर्णय समेत कानुन सम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१२. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठुला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. अब पुनरावेदन करदाताको पुनरावेदन जिकिर हेर्दा, करदाताले व्यवसायबाट व्यहोर्नु परेको नोक्सानीलाई कट्टी गर्न पाउनु पर्ने सम्बन्धमा रहेको देखिन्छ। करदाताले विगत आ.ब. बाट जिम्मेवारी सरेको नोक्सानी रु.३,४२,३७७।५६ यस आ.ब.मा खर्च कट्टी

दावी गरेकोमा सो नोक्सानी खर्च कट्टी नपाउने निर्णय भएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २०(१) मा "कुनै व्यक्तिले कुनै आय बर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिमको नोक्सानी कट्टी गर्न पाउनेछः-" भनी देहाय खण्ड (ख) मा "त्यस्तो व्यक्तिले कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत सात आय बर्षहरुको कट्टी हुन नपाएको नोक्सानी" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सोही कानूनी व्यवस्था वमोजिम दावीको नोक्सानी कट्टी गर्न पाउनु पर्ने मागदावी लिएको देखियो। नोक्सानी कट्टी अमान्य कै प्रश्न रहेको आ.व. २०६९/७० को संसोधित कर निर्धारण आदेश उपर यिनै करदाताले दायर गरेको ०७६-RB-०११६ को मुद्दामा आज यसै इजलासवाट प्रत्यर्थी कार्यालयहरुवाट भएका निर्णय बदर भई आधार र कारण सहित पुनः संसोधित कर निर्धारण गर्न शुरु ठूला करदाता कार्यालयमा पठाउने ठहरी फैसला भइसकेको हुंदा सोही नोक्सानी कट्टीको प्रश्न समावेश रहेको प्रस्तुत मुद्दा उक्त मुद्दा संग अन्तरप्रभावित भई प्रस्तुत आ.व. २०७२/०७३ को संशोधित कर निर्धारण आदेश यथावत कायम रहन सक्ने नदेखिएकोले बदर गर्नुपर्ने देखियो। अब करदाताको आ.ब. २०६९/७० को पुनः संसोधित कर निर्धारण आदेश समेतको आधारमा आयकर ऐन, २०५८ को दफा २० को उपदफा (१) को कानूनी व्यवस्था बमोजिम आधार र कारण सहित यो आ.व. २०७२/७३ को समेत पुनः संशोधित कर निर्धारण गर्नु भनि फाइल ठूला करदाता कार्यालयमा पठाउन उपयुक्त हुने देखियो ।

१४. अतःमाथि विवेचित आधार एवं कारण समेतबाट यीनै करदाताको आ.व. २०६९/०७० को आयकर मुद्दामा आज यसै इजलासबाट पुनः संशोधित कर निर्धारणको लागि शुरुमा पठाउने ठहरी फैसला भएकोले सोही आधारमा ठूला करदाता कार्यालयबाट करदाताको आ.व. २०७२/०७३ को संशोधित कर निर्धारण गरी मिति २०७७।०९।२० मा भएको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।०३।२२ मा भएको निर्णय समेत सोहदसम्म न्यायोचित नदेखिँदा बदर गरिदिएकोछ। अब करदाताको आ.ब. २०६९/७०, २०७०/७१ र २०७१/७२ को पुनः संशोधित कर निर्धारण आदेशको आधारमा यो आ.ब. २०७२/७३ को पुनः संशोधित कर निर्धारण गरिदिनु भनी फाइल ठूला करदाता कार्यालयमा पठाई दिने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदाता श्री गोर्खाज फाइनान्स लिमिटेडको आ.व. २०७२/०७३ को संशोधित कर निर्धारण गर्दा नोक्सानी खर्च अमान्य गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका

महानिर्देशकबाट मिति २०७८।०३।२२ मा भएको निर्णय समेत सो हदसम्म बदर हुने र सो शीर्षकमा ठुला करदाता कार्यालयले पुनः संशोधित कर निर्धारण गर्नुपर्ने ठहरेकोले सो शीर्षकमा पुनः संशोधित कर निर्धारण गर्न शुरु मिसिल ठूला करदाता कार्यालय ललितपुरमा लेखी पठाईदिनू।

२. फैसलाको जानकारी बिशेष सरकारी वकीलको कार्यालयलाई पठाईदिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत मुद्दाको दायरीको लागत कट्टा गरी रेकर्ड मिसिल यस न्यायाधिकरणको अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः श्री भिष्म भट्टराई
ईति सम्वत् २०७९ साल चैत्र २६ गते रोज १ शुभम् ----------------------
फैसला प्रमाणिकरण गर्नेः-
फैसला प्रमाणिकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौंको छाप